# तानसेन नगरपालिका

तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎ : ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल : ito.tansenmun@gmail.com
info@tansenmun.gov.np

चलानी नं.
पत्र संख्या :

मिति : २०७८ माघ १

## हार्दिक आभार तथा धन्यवाद

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनापश्चात् नेपाली नागरिकको अग्रसरतामा जारी संविधानले परिकल्पना गरेको तीन तहको सरकारले समृद्ध नेपाल सुखी नेपाली लक्ष्यप्राप्तीका लागि काम गरिरहेको वर्तमान सन्दर्भमा स्थानीय निर्वाचन २०७४ बाट हामीलाई नेतृत्व प्रदान गर्नुहुने समस्त तानसेनवासीप्रति हार्दिक आभार प्रकट गर्दछौं । नेपाल कै तेस्रो नगरपालिका तानसेन नगरपालिकाको समग्र विकासका लागि चुनावका सम्मुख आफू निकट राजनीतिक दलका घोषणापत्रअनुसार विकास निर्माणको सवालमा प्रतिवद्धता जनाएका भएपनि निर्वाचित हामी जनप्रतिनिधिले नगरबासीको भावनाअनुसार एकतावद्ध ढंगले योजना तर्जुमा र कार्यान्वयन गरिआएको तथ्य सगर्व स्मरण गराउन चाहन्छौं ।

२०७४ देखि २०७८ को कार्यअवधिमा सम्पन्न नियमित कार्यपालिका वैठक हुन वा १० वटा नगरसभामा सत्तापक्ष र प्रतिपक्षको अनुभूति हामीले गर्नुपरेन । सीमित साधन स्रोत र कोरोनाका विभिन्न लहरबाट सिर्जित शंकटका वावजूद तानसेनवासीका हितखातिर विकासनिर्माणसँगै मानवीय सरोकारका सवालहरुलाई अधिकतम रुपमा हामीले सम्बोधन गर्ने प्रयास गरेको तथ्य सबैलाई अवगत नै छ । यस अवधिमा सडक तथा भवन निर्माण लगायतका पूर्वाधार विकासका काममात्र होइन हामीले कृषि यान्त्रिकीकरणका लागि सामग्री वितरण, क्षेत्रगत रुपमा सीपविकाससँगै स्वास्थ्य विमा, कृषि एम्बुलेन्स, छोरी शिक्षा, युवा स्वरोजगार, आधिकारिक रुपमा दर्तागरी हाम्रो तानसेन प्रकाशन, सिद्धार्थ आर्थिक कोरिडोरलगायतका रचनात्मक कामसमेत सुरुवात गरेका छौं । विभिन्न राजनीतिक दलमा आस्थावन भए तापनि निर्वाचित भएपछि व्यवहारबाट हामीले तानसेनवासीको साझा प्रतिनिधि हौं भन्ने कुरा अनुभूत गराएका छौं । तानसेन नगरपालिकाका जनप्रतिनिधिबीचको यो एकमना एकता अरुका लागि समेत अनुकरणीय रहेको हाम्रो ठम्याइ छ ।

अन्त्यमा, हामीलाई निर्वाचित गराएर तानसेन नगरपालिकाको नेतृत्वमा पुर्‍याउनुहुने तानसेननगरवासीप्रति हार्दिक आभार प्रकट गर्दछौं । तानसेनको विकासका लागि हातेमालो गर्ने तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, राजनीतिक दल, युएनडिपी नेपाल, हेफर इन्टरनेशनल, दि एसिया फाउण्डेसन, कारितास, इपिआइ, ग्रामीण आर्थिक विकास संघ (रेडा), नेपाल नगरपालिका महासंघलगायतका अन्तर्राष्ट्रिय-राष्ट्रिय विकास साझेदार संघसस्थाहरु, साझेदार स्थानीय तह, विभिन्न सामाजिक संघसंस्था, नागरिक समाज, जनप्रतिनिधि, बुद्धिजीवी, उद्यमी व्यवसायी, सञ्चारकर्मी, राष्ट्रसेवक कर्मचारी सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

अशोककुमार शाही
नगरप्रमुख
तानसेन नगरपालिका, पाल्पा

नगर प्रमुख



Scanned with CamScanner